(Notice No. : RPLPBA/2082/083)

# प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् (CTEVT)

बागमती प्रदेश कार्यालय, हेटौडा, मकवानपुर

## सीप परीक्षणको आवेदन आव्हान सम्वन्धी सूचना !!

**सूचना प्रकाशित मिति : २०८२/०९/२०**

प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद राष्ट्रिय सीप परिक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय/नेपाल व्यवसायिक योग्यता प्रणाली परियोजना दोस्रो (NVQS-II) तथा प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालीम परिषद् (PCTVET) र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) बागमती प्रदेश कार्यालयको तर्फबाट पुर्व सिकाईको मान्यता (Recognition of Prior Learning-RPL) विधिद्धारा सहुलियत शुल्कमा सञ्चालन हुन चाहने स्वदेश वा वैदेशिक रोजगारी अनुभव प्राप्त नेपली नागरिकहरुबाट आफूलाई पायक पर्ने तपसिल बमोजिमका सीप परीक्षण केन्द्रहरु मध्य कुनै एक केन्द्रमा आवेदन फारम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल:</u>

क) <u>फाराम सङ्कलन केन्द्र परिक्षण हुने व्यवसाय र तह:</u>

| क्र. स. | आवेदन फाराम सङ्कलन/ / सीप परीक्षण केन्द्रहरु | संम्पर्क न. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | नेपाल पोलिटेक्निक इन्स्टिच्युट, भरतपुर, ओराली, चितवन | ०५६-४२१२६१, ९८५५०६०७६९ | गार्मेट फेब्रिकेटर | २ |
| | | | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| | | | सेल मोवाईल फोन टेक्निसियन | २ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| २. | बालाजु स्कुल अफ ईन्जिनियरिङ्ग एण्ड टेक्नोलोजि, बालाजु काठमाण्डौ | ०१-४३५०२१४ ९८५१३४५७९७ ९८४१४७९९४५ | रेफ्रीजेरेसन एण्ड एयरकन्डिसन मेकानिकल | २ |
| ३. | दिवाकर स्मृति बहु-प्राविधिक शिक्षालय, माडी, चितवन | ९८५५०३९१२३ ९८५५०३९१२२ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| ४. | नेपाल भारत बहु-प्राविधिक शिक्षालय, हेटौडा, मकवानपुर | ०५७-५२३५३५ ९८५५०४२८३३ | वेल्डर | २ |
| ५. | हाम्रो प्रशिक्षण सेवा तालीम केन्द्र हेटौडा, मकवानपुर | ०५७-५२४८५१ ०५७-५२४८५२ ९८५५०३६२९१ | गार्मेट फेब्रिकेटर | २ |
| | | | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| | | | विल्डिङ्ग पेन्टर | २ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | गार्मेट फेब्रिकेटर | २ |
| ६. | पिस प्राविधिक तालीम इन्स्टिच्युट, बालकुमारी, ललितपुर | ०१५२००८४३- ९८५१००८०३८ | वेल्डर | २ |
| ७. | सिन्धुली सामुदायिक प्राविधिक शिक्षालय, कमलामाई, सिन्धुली | ९८४४०८२५५५ ९८५४०४०८१८ ९८५४०४१४२४ | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| ८. | निलकण्ठ बहु-प्राविधिक शिक्षालय, धादिङ्गबेसी, धादिङ्ग | ०१०-५९०११६ ९८४९०५०३९८ ९८५१३३९७५७ | सेल मोवाईल फोन टेक्निसियन | २ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| ९. | नेपाल बनेपा बहु-प्राविधिक शिक्षालय, बनेपा, काभ्रेपलान्चोक | ९८५१२१२६२५ | सेल मोवाईल फोन टेक्निसियन | २ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| १०. | नारायणी बहु-प्राविधिक शिक्षालय,भरतपुर,चितवन | ९८५५०१२६३३ ०५६-४९३३६२ | विल्डिङ्ग पेन्टर | २ |
| | | | प्लम्बर | २ |
| | | | मेसन | २ |
| ११. | राष्ट्रिय सीप परिक्षण समिति (NSTB),भक्तपुर | ९८५११२७०८० | ब्युटिसियन | २ |
| | | | गार्मेट फेब्रिकेटर | २ |

नोट: निम्न व्यवसायका आवेदन फारमहरु तपसिलका स्थानहरुमा पनि बुझाउन सकिनेछ।

| क्र.स | आवेदन फाराम सङ्कलन | संम्पर्क न. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौंडा | ०५७-५२४९९१<br>९८५५०२७५९१ | सबै व्यवसाय | २ |
| २. | सामाजिक विकास मन्त्रालय/नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सहयोग इकाई बागमती प्रदेश | ९८५५०३१५६८<br>०५७-५९००१७ | सबै व्यवसाय | २ |
| ३. | प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालीम परिषद्, मकवानपुर, हेटौंडा | ९८५५०१३२५२<br>०५७५९१२५२ | सबै व्यवसाय | २ |
| ४. | बालाजु स्कुल अफ ईन्जिनियरिङ्ग एण्ड टेक्नोलोजि, बालाजु काठमाण्डौ | ०१-४३५०२१४<br>९८५१३४५७९७<br>९८४१४७९९४५ | व्युटिसियन | २ |
| ५. | नेपाल भारत बहु-प्राविधिक शिक्षालय, हेटौंडा, मकवानपुर | ९८५५०४२८३३ | व्युटिसियन | २ |
| ६. | नारायणी बहु-प्राविधिक शिक्षालय,भरतपुर,चितवन | ९८५५०१२६३३<br>०५६-४९३३६२ | व्युटिसियन | २ |
| ७. | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद बागमती प्रदेश संम्पर्क कार्यालय, भक्तपुर | ९७४५६८८६४० | व्युटिसियन | २ |
| | | | गार्मेट फेब्रिकेटर | २ |

ख) <u>आवेदनको लागि न्यूनतम योग्यता:</u>

| | |
|---|---|
| तह- २को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको<br>**वा**<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित पेशामा १ वर्षको कार्य अनुभव |

ग) <u>आवेदन तथा दर्ता शुल्क: रु २७० ( आवेदकले व्यहोर्ने)</u>

घ) <u>सीप परीक्षणमा सहभागीले आवेदन फारम भर्दा पालना गर्नु पर्ने शर्तहरु:</u>

१) यस सूचना तथा आवेदन फाराम प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT)बागमती प्रदेश कार्यालयको वेवसाइट https://ctevtbagmati.org.np बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रबाट प्राप्त गर्न सकिनेछ।।

२) आवेदन फाराम तोकिएको केन्द्रमा मिति २०८२/१०/१३ गते भित्र बुझाउनु पर्ने छ । आवेदन फाराम बुझाउने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट सम्म बुझाउन सकिनेछ।

३) आवेदन फारामको साथ पासपोर्ट साईजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार वा अर्ध- सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त नीजि रोजगारदाता संस्था उद्योग व्यवसायीले सम्बन्धीत पेशा व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ। अनुभव १६ वर्ष उमेर पछिको मात्र मान्य हुनेछ ।

४) स्थानीय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफू कार्यरत वडा कार्यालयको सिफारीस पत्र पेश गर्न सक्नेछ ।

५) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फारम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभव पत्र ( अङग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

६) कुनै पनि पेशा तहमा स्वीकृत आवेदन सङख्या पाँच(५) भन्दा कम भइमा सो पेशा तहको सीप परीक्षण संचालन गरिने छैन ।

७) तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारमहरु स्वतः रद्द हुनेछ ।

८) परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट समेत गराइने छ । सीप परिक्षण आवेदन भरेकै केन्द्रबाट सहभागी आफै उपस्थित भई सीप परीक्षणको अघिल्लो दिन भित्र प्रवेश पत्र प्राप्त गर्न सकिनेछ। सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण सञ्चालन हुन सक्नेछ।

९) परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर ( सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन्।

१०) यस भन्दा पहिले सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरूले पहिले सीप परीक्षणमा सहभागी हुँदा प्राप्त गरेको रजिस्ट्रेशन नंअनिवार्य रूपमा " उल्लेख गर्नु पर्नेछ। यसरी दोहोर्याएर सीप परीक्षण दिनेहरूले आवेदन फारामको माथिपुनः परीक्षण "भन्ने कोठामा चिन्ह लगाउनु पर्नेछ।

११) आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउने छन्।

१२) तहगत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका (NOSS) मा भएका दक्षताका इकाइहरू मध्ये परीक्षार्थीले उत्तीर्ण गरेको दक्षताको इकाइको प्रमाण पत्र प्राप्त गर्न सक्नेछन्।

१३) सीप परीक्षण आवेदन फाराम सङ्कलन केन्द्रले आवेदन सङ्कलन गर्दा आवश्यक कागजात पुगेको जाँच गरी आवेदन फाराम भर्ने अन्तिम मितिबाट पाँच (०५) दिन भित्र Online System बन्द हुने भएकाले उक्त अवधिभित्र अनलाइन फाराम इन्ट्री गरी परिषद् प्रदेश कार्यालयबाट अन्तिम जाँच भई सकेपछि इन्ट्री वापत प्रति फाराम रु —/७० .का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाइ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् बागमती प्रदेशको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लि., शाखा कार्यालय हेटौंडा च.हि. खाता न.१३००१००००३६६८००१ मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान कपी अपलोड गर्नु पर्नेछ।

१४) यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकेको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ।

**थप जानकारीका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, बागमती प्रदेशको सम्पर्क नम्बर ९८५५०३४९९१, ०५७५२४९९१— तथा नेपाल व्यावसायिक योगयता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ०५७५९००१७— मा सम्पर्क गर्न सकिनेछ।**

**निर्देशक**